# प्रश्न नं. ३

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.२४४ देखि ३६५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

जान मोहमद मियाको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सप्तरी जिल्ला, खडक नगरपालिका वडा नं. ८ वस्ने सैयद मिया समेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. जिल्ला सप्तरी खडक न.पा. वार्ड नं ८ मा रहेको पूर्व ढोका भएको सैयद मियाँको घर भित्र काठको पलंग माथि उत्तर सिरान गरी सिरकले पुरै छोपेको मृतक ऐसा खातुनको लास जाँच गर्दा उतानो अवस्थामा रहेको, उक्त लासको दुवै आँखा वन्द रहेको, उक्त आँखा उघारी हेर्दा नानी केही कैलो रहेको, मुखवाट जिव्रो निस्केको, माथिल्लो ओठले च्यापेको -याल निस्केको, रुद्र घाँटी मुनी एक इन्च लम्वाई १/२ इन्च चोडाईको, लगाएको पोतेको डाम रहेको भन्ने समेत व्यहोराको २०७५।८।२ को मुचुल्का ।

२. २०७५।८।२ गते वेलुका मेरो ज्वाई सैयद मिया, निज ज्वाईको दाजु ताहिर मिया, तैयव मियाँ तथा सम्धी नजवुल मियाँ समेत सैयद मियाँको घर छेउमा मिटिङ्ग गरी वसेका र उक्त राती मेरो ज्वाई सैयद मियाँ तथा मेरो छोरा ऐसा खातुन समेत एउटै विस्तारामा सुतेको र मिति २०७५।८।१ गते अं. ११:०० वजेको समयमा छोरी ऐसा खातुन सुतेको विस्तारामा मृतक अवस्थामा रहेको भन्ने सुनी थाहा पाई घटनास्थलमा गै हेर्दा निज सुतेको विस्तारामा मृतक अवस्थामा देखि ज्वाई समेत घरमा नरहेको मृतक छोरीको मुखवाट जिव्रो वाहिर निस्केको र घाँटीमा समेत शंकास्पद देखिएको र मेरो छोरी निज सैयद मिया भन्दा वलियो भएको कारण एक्लै सैयदले मात्र मार्न नसक्ने हुँदा निजको दाजु ताहिर, शैयद तथा वावु नजवुल समेतको सहयोग लिई षडयन्त्र गरी छोरीलाई घाटी थिची कर्तव्य गरी मारेको भन्नेमा पूर्ण विश्वास भएकोले पक्राउ गरी कार्वाही गरिपाऊँ भन्ने समेत व्यहोराको जान मोहमद मियाको २०७५।८।६ को जाहेरी दरखास्त ।

३. The cause of death is as phyxia due to strangulation उल्लिखित मिति २०७५।८।४ को सव परीक्षण प्रतिवेदन ।

४. मिति २०७५।८।१ गते राती म आफ्नु दोकान पसलमा सुतिरहेको अवस्थामा रातको ३ वजे सैयद मियाँ मेरो दोकानमा आई तैयव मियाँलाई सापले टोक्यो, निजलाई विराटनगर लानु पर्ने भयो रु.२,०००। दिनु पर्यो भन्दा मैले पैसा छैन भने रु.२००। भए पनि दिनुस भने मैले पैसा छैन भने त्यसपछि कता गए थाहा पाइन । पछि मेरो आमा संग रु.३००। मागी लगे भन्ने समेत व्यहोराको लालमोहन भन्ने मोहनकुमार चौधरीको कागज ।

५. मिति २०७५।८।२ गते विहान अं. ११ वजेको समयमा मेरो वावु जान मोहमद र म समेत घरमै रहेको अवस्थामा भौसा मियाँ हाम्रो घरमा गई तपाईको छोरी ऐसा खातुन मरी सकिन भनेको हुँदा मेरो वावुले मलाई पठाउनु भयो र मेरी वहिनीको घरमा गै हेर्दा नजवुल मियाँले ढोका खोली दिएपछि हेर्दा जिव्रो वाहिर निस्केको र घाँटीमा समेत संकास्पद देखी आसपासमा बुभ्दा २०७५।८।१ गते वेलुका सैयद मियाँ नजवुल मियाँ, तैयव मियाँ, ताहिर मियाँ समेत वसी मिटिङ गरी घटना घटेको राती दाजु तैयावलाई साँपले टोक्यो भनी रु मागेको भन्ने सुनेको हुँदा निजहरुले वहिनी ऐसालाई कर्तव्य गरी मारेको भन्ने पूर्ण विश्वास भएकोले वुवालाई सोही खवर सुनाएको हुँ भन्ने समेत व्यहोराको अलाउदीन मियाँको कागज ।

६. मिति २०७५।८।१ गते राती म आफ्नै घरमा थिए, मेरा छोराहरु ताहिर र तैयव मेरो घर नजिकै वस्छन् सैयद मियाँ मेरो घर देखि १ कि.मि. उत्तर खर्चुईया वजारमा वुहारी ऐसा संगै वसेका थिए । सैयद मिया संग मेरो ३।४ दिन अघि देखि भेट भएको थिएन । २०५१।८।२ गते विहान म घरमै रहेको अवस्था नातिनी सहिदा खातुन दगुर्दै आई काकीलाई के भयो के भयो वोल्दीन भनेकाले दगुर्दै गई हेर्दा छोरा सैयद पनि घरमा नरहेको र ढोकामा सिक्रि लगाई राखेको देखि भित्र पसी हेर्दा वुहारी ऐसा खातुनको सुतेकै ठाउंमा मृत्यु भै सकेको देखि माइती घरमा खवर गर्न पठाए र म लास संगै वसे । वुहारीका आमा वावु आई पुगे र प्रहरीलाई खवर भयो । ताहिर, तैयव, सैयद समेतले मारे मराएको हो

होइन आँखाले नदेखेकोले भन्ने सक्दिन भन्ने समेत व्यहोराको प्र. नजवुल मियाँले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

७. मिति २०७५।८।२ गते विहान ४ वजेको समयमा म आफ्नु घरमा सुतिरहेको अवस्थामा सैयद मियाँ आई दाजुलाई साँपले टोक्यो औषधि उपचार गर्न लानलाई रु ४,०००। चाहियो भनी रुपैया माग्दा मैले रु २५०। दिए सोहि दिन अं. १० वजेको समय तिर श्रीमती ऐसालाई कर्तव्य गरी मारे भन्ने शंका गरी प्रहरीमा जाहेर गरे भन्ने सुनेको हुँ निज सैयदले के कसको सहयोग लि मारे मराए थाहा छैन भन्ने समेत व्यहोराको श्यामवति देवी चौधरीको कागज ।

८. मिति २०७५।८।१ गते वेलुका म वावुआमाको साथमा आफ्नै घरमा थिए । वावु ताहिर, काका तैयव, तथा हजुर वुवा नजवुल समेत घरमै थिए । २०७५।८।२ गते विहान कान्छी कार्कीलाई ज्वरो आएको छ रोटी लगी देउ भनी वावु आमाले भनेकोले रोटी लिई कार्कीको घरमा जाँदा काका सैयद झोक्राएर वाहिर वसिरहेका थिए म सरासर भित्र पसी कार्कीलाई उठाउदा नउठेकीले म डरले दगुर्दै निस्किदा काका सैयदलाई देखिन र हजुर वुवालाई घरमा गै खवर सुनाए वावु र काका समेत हाल गाउँ घरमा छैनन भन्ने समेत व्यहोराको जहिदा खातुनको कागज ।

९. मिति २०७५।८।२ गते विहान म घरमै थिए अं. ७ वजेको समयमा मेरी नातिनी जहिदा खातुन अतालिदै आएको देखी के भयो भनी पति नजवुल र म दगुर्दै गई सैयद मिया घर वाहिर आँगनमा रुदै वसेको देखि घर भित्र पसी हेर्दा वुहारी ऐसा ओछ्यानमै मरी सकेकी रहीछन् छोरा सैयदले घाँटी थिची मारे भन्ने हल्ला छ, निजले मारे मराएका हुन होइनन् निजै जानुन् भन्ने समेत व्यहोराको मरियम खातुनको कागज ।

१०.मिति २०७५।८।१ गते राती उज्यालो हुने वेलामा उठ्ने तरखर गर्दै गरेको अवस्थामा सैयद मियाँ मेरो घरमा आई तैयावलाई साँपले टोक्यो भनी वाहिरैवाट पैसा मागे, मैले छैन भन्दीएपछि के कता गए थाहा भएन । २०७५।८।२ गते विहान अं. ९ वजे निजको श्रीमती ऐसा सुतेकै ठाउँमा मरी रहेकी छन् सैयद घर छाडी भागेछन् भन्ने सुनी घटनास्थलमा हेर्दा ऐसालाई मृतक अवस्थामा देखे, निजकै कर्तव्यबाट ऐसाको मृत्यु भएको भन्नेमा मलाई शंका लागेको हो, के कसरी मारे मराए मलाई थाहा छैन भन्ने समेत व्यहोराको ठकनी खातुनको कागज ।

११. मिति २०७५।८।१ गते राती म आफ्नु गाउँ घरमै थिए, निज सैयद मिया उक्त राती मेरो घरमा गै पैसा मागेको छैन, होइन मिति २०७५।८।२ गते विहान ९ वजे तिर ऐसा खातुनको मृत्यु भएको कुरा सुनेको हुँ, को को भै के कस्तो परिवन्धवाट मारे मराए मलाई थाहा छैन भन्ने समेत व्यहोराको रामप्रसाद भगतको कागज ।

१२. मिति २०७५।८।२ गते विहान ९।१० वजे तिर निज जाहेरवालाकी छोरी ऐसा खातुन आफ्नै घरमा मृत्यु भएको भन्ने सुनी हेर्न जाँदा लास मात्र देखेको, को को भै मारे मराए मलाई थाहा छैन, नजवुल आफ्ना छोराहरुवाट भिन्न भै अं. १ कि.कमि. पर घर वनाइ सैयद र ऐसा वसेका हुन । नजवुलको हात छैन, सैयद, तैयव र ताहिर घटना घटे पश्चात फरार छन भन्ने समेत व्यहोराको एकै मिलानको उमर अली, विनोद चौधरी प्रमेश्वर चौधरी समेतको कागज ।

१३. मिति २०७५।८।१ गते राती निज सैयद मियाँ तथा निजको श्रीमती ऐसा खातुन आफ्नै घरमा थिए भन्ने कुरा वुझेको हुँ, निजहरु वीचमा कुनै झै झगडा गरेको मलाई थाहा छैन, सैयद मियाँलाई मौसाई मियाले ऐसा खातुनलाई मारीदेउ तिमीलाई अर्को विवाह गराई दिन्छु भनेका र भौसाईको छोरा कमालुद्धिन, ताहिर, तैयव समेतले सोही कुरामा सहमती दिएको हो भन्ने कुरा मैले सुनेको हुँ, सोही कारणले उल्लेखित सैयद मियाँ समेत भै कर्तव्य गरी ऐसालाई मारी गाउँ घर छाडी मारेका हुनु पर्छ भन्ने समेत व्यहोराको मोहमद तफेजुल मियाँ, मुस्तकिम मिया, जालम मियाँ समेतको एकै मिलानको कागज ।

१४.प्रतिवादी खण्डमा उल्लिखित प्रतिवादीहरु नजवुल मियाँ, सैयद मियाँ, तैयव मियाँ, ताहिर मियाँ, मौसाई मियाँ, कलामुदिन मियाँ समेत भै कर्तव्य गरी मृतक ऐसा खातुनलाई मारेको भन्ने देखिन आएकोले प्रतिवादी सैयद मियाँलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) को कसूर अपराधमा सोही दफाको उपदफा (२) अनुसार सजाय हुन र प्रतिवादी तैयव मियाँ, ताहिर मियाँ, कलामुद्धिन मियाँ, भौसाई मियाँ र नजवुल मियाँलाई सोहि संहिताको दफा ३६(३)(ख) बमोजिम सजाय हुन माग दावी सहितको अभियोगपत्र ।

१५. सवै प्रतिवादीहरुको अदालतमा ईन्कारी वयान ।

१६. शुरु अदालतको फैसला ।

१७. प्रतिवादीहरुको पुनरावेदन पत्र ।